प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
उद्योग,बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

रोल्पा

फोन नं.:०८६–४४००८६

प.स २०७७/०७८ मिति : २०७७/०८/१०

च.नं.

**परम्परागत सीप र प्रबिधिमा आधारित नयाँ उद्यमी तयार गर्ने सम्बन्धी सूचना :**

आ.व. २०७७/७८ को बार्षिक कार्यक्रम संचालनार्थ बिनियित बजेटको परिधिभित्र रही यस कार्यालय मार्फत बैदेशिक रोजगारीबाट फर्केका तथा स्वदेशमै उद्यम गर्न चाहने नयाँ उद्यमीलाइ लगानी (मेसिन उपकरण)का आधारमा लगानीको ५० प्रतिशत वा पाँच लाख रुपैया मध्ये जुन कम हुन्छ सो बराबरको रकम अनुदान दिने उद्येश्य सहितको कार्यक्रम संचालन गरिने भएको हुँदा तपसिलको कागजात सहित सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचाको प्रस्ताव सहित निबेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१.चालु आ.व.२०७७/७८ मा दर्ता भएको उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
२.स्थायी लेखा नम्बर वा मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलपी ।
३.नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
४.ब्यबसायिक योजना वा प्रस्ताव ।
५.वैदेशिक रोजगारबाट फर्केको हकमा २ वर्ष ननाघेको कागजात ।
६.यस अगाडी नेपाल सरकार प्रदेश सरकार तथा स्थानिय तहका कुनै निकायबाट यस्तो सहुलियत सुबिधा वा अनुदान नलिएको स्वघोषणा पत्र ।
७.निबेदन दस्तुर बापत रु.१०० जम्मा गरेको रसिद ।

द्रष्टब्य :

- प्रस्ताव र निबेदन ढाँचा यस कार्यालयले तोकेको ढाँचामा हुनु पर्ने छ ।
- मुल्याङ्कन गर्दा कम्तिमा ६० वा सो भन्दा बढी अंक प्राप्त गर्ने उद्योगहरुलाइ मात्र छनौटमा समावेश गराइने छ ।
- नियमानुसार उद्योग दर्ता स्थायि लेखा नम्बर एवम् ब्यबसायिक योजना जस्ता कागजपत्र पेश नगर्ने उद्योग लाइ मुल्याङ्कनमा समावेश गरिने छैन ।
- प्राप्त निबेदन प्रस्ताव जिल्ला स्थित मुल्याङ्कन समितिद्धारा प्रचलित ऐन नियम एवम् कार्यबिधिका आधारमा मुल्याङ्कन गरिने छ ।
- थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

तिलकराम वली
उद्योग अधिकृत